## नाम्खा गाउँपालिका

## मिति २०७५ मंसिर ५ गतेको गाउँ कार्यपालिकाका निर्णयहरु

निर्णय नं. १ : यस नाम्खा गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवा तर्फ सामुदायिक स्वास्थ्य इकाई याल्वाङ् र आमा सुरक्षा कार्यक्रम रतर्फका तपसिलका करार कर्मचारीहरुको करार सम्झौता मिति २०७५ श्रावण १ देखि २०७५ पौष मसान्त सम्मका लागि नविकरण गर्ने । आमा सुरक्षा कार्यक्रम तर्फका अ.न.मी.हरुलाई मासिक रु १८,०००। (अठार हजार) र कार्यालय सहयोगीहरुलाइ मासिक रु १०,०००।(दश हजार) तलब सुविधा दिने । साथै अ.न.मी.हरुको नपुग तलबका लागि आवश्यक रु १,१६,०००। (एक लाख सोह्र हजार ) गाउँपालिकाको सशर्त तर्फको बजेटबाट थप गर्ने ।

१. श्री पुष्पा शाही - अ.न.मी.स्वास्थ्य चौकी हेप्का

२. श्री बसन्ती बुढा - अ.न.मी.स्वास्थ्य चौकी लिमि

३. श्री शोभा रोकाया - अ.न.मी.स्वास्थ्य चौकी खगालगाउँ

४. श्री अंग बहादुर फडेरा - अ.हे.व. ,सामुदायिक स्वास्थ्य इकाई याल्वाङ

५. श्री काङ्गसो लामा - अ.न.मी.,सामुदायिक स्वास्थ्य इकाई याल्वाङ्

६. श्री याङ्जेन लामा - कार्यालय सहयोगी ,स्वास्थ्य चौकी हेप्का

७. श्री किमु लामा - कार्यालय सहयोगी ,स्वास्थ्य चौकी खगालगाउँ

८. श्री तम्डीन लामा - कार्यालय सहयोगी,स्वास्थ्य चौकी मुचु

९. श्री गेलेक फुन्जोक लामा- कार्यालय सहयोगी, सामुदायिक स्वास्थ्य चौकी ईकाइ, याल्वाङ

निर्णय नं. २: यस नाम्खा गाउँपालिकामा पशुसेवा सेवा र कृषि सेवा तर्फ एक गाँउ एक प्राविधिकको रुपमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको २०७५ श्रावण १ देखि २०७५ पौष मसान्त सम्मका लागि करार सम्झौता नविकरण गर्ने ।

क) पशु सेवा तर्फ

१. श्री सुदाम रोकाया - ना.प्रा.स.

२. श्री मनिषा रावत - ना.प्रा.स.

३. श्री गणेश जैसी - ना.प्रा.स.

ख) कृर्षि सेवा तर्फ

१. श्री लक्ष्मी शाही - ना.प्रा.स.

निर्णय नं. ३: यस नाम्खा गाउँपालिकाका र यस अर्न्तगतका वडाहरुमा कार्यरत तपसिलका प्राविधिक र कार्यालय सहयोगीहरुको २०७५ श्रावण देखि २०७५ पौष मसान्त सम्मका लागि करार सम्झौता नविकरण गर्ने । साथै अ.स.इ.को रा.प.द्धितिय श्रेणी सरह र कार्यालय सहयोगीको मासिक तलब रु १५,०००।(पन्ध्र हजार मात्र) दिने ।

१. श्री दिपक लामा - असिष्टेण्ट सव इन्जिनियर

२. श्री तण्डुप तामाङ्ग - का.स., ५ नं वडा कार्यालय

३. श्री डाब्ला लामा - का.स.,२ नं वडा कार्यालय

४. श्री कल बहादुर बुढा - का.स.,६ नं वडा कार्यालय

५. श्री हिरा बहादुर रावत - का.स., गाउँ कार्यपालिकाको कार्यालय

निर्णय नं. ४: यस नाम्खा गाउँपालिकामा लागू भएको गरिबसँग विश्वेश्वर कार्यक्रम तर्फका तपशिलका स्वयंसेवकहरुको २०७५ श्रावण १ देखि २०७५ पौष मसान्तसम्मका लागि करार म्याद थप गर्ने ।

१.तारा लामा

२. सुमित्रा लामा तामाङ्ग

निर्णय नं. ५: साविकमा जिल्ला विकास समितिका विभिन्न परियोजनामा काम गरि यस नाम्खा गाउँपालिकामा खटिनु भएका तपशिलका कर्मचारीहरुको २०७५ श्रावण १ देखि २०७५ पौष मसान्तसम्मका लागि करार म्याद थप गने ।

१. श्री छेपाक लामा - सव इन्जिनियर (कर्णाली रोजगार कार्यक्रम)

२. श्री दिनेश वोहोरा - सव इन्जिनियर (निर्वाचन क्षेत्र विकास कार्यक्रम )

निर्णय नं ६: कामको चापलाई मध्यनजर गर्दै वडा र उपाध्यक्ष श्री पेमा तामाङ ज्यूको सिफारिसका आधारमा तपशिलका कार्यालयमा आन्तरिक श्रोतबाट व्ययभार हुने गरि देहाय बमोजिमका कार्यालय सहयोगीहरु २०७५ पौष मसान्त सम्मका लागि नियुक्त गर्ने ।

क) छोइपुटी तामाङ , ५ नं. वडा कार्यालय

ख) राईटर महत, उपाध्यक्ष ज्यूको सचिवालय

निर्णय नं ७: नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अन्तरिम दरबन्दीको परिधिभित्र रहि कामको चापलाई मध्यनजर गर्दै ४ (चार) जना असिष्टेण्ट सव इन्जिनियर पदपूर्तिका लागि विज्ञापन गर्ने ।

निर्णय नं ८: कामको चापलाई मध्यनजर गर्दै आन्तरिक श्रोतमा व्ययभार हुने गरि २ (दुई) जना नायब पशुसेवा प्राविधिक पदपूर्तिका लागि विज्ञापन गर्ने ।

निर्णय नं ९: मस्यौदा भई कार्यपालिकामा पेश भएका देहाय बमोजिमका नियमाली र कार्यविधिहरु स्वीकृत गर्ने ।

१. नाम्खा गाउँपालिकाको शिक्षा नियमावली, २०७५

२. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि , २०७५

निर्णय नं. १०: आ.व. २०७५।०७६ मा तर्जुमा भई निर्माण गरिने १० लाख भन्दा बढि बजेट भएका योजनाहरु टेण्डर प्रकृयाबाट निर्माण कार्य गर्ने र सो भन्दा कम बजेटका योजनाहरु आवश्यकता अनुसार उपभोक्ता समिति ,कोटेशन, सिलबन्दी दरभाउ पत्रका माध्यमबाट निर्माण गर्ने ।

निर्णय नं.११: यस गाउँपालिकाको ऐन,नियम,कार्यविधि लगायतका कानून मस्यौदा गर्नका लागि देहाय बमोजिमको एक कानून मस्यौदा समिति गठन गर्ने ।

संयोजक : श्री पेमा तामाङ (गा.पा. उपाध्यक्ष)

सदस्य : श्री डाब्ला लामा ( २ नं. वडाध्यक्ष)

सदस्य : श्री सुनाम हिस्से तामाङ ( ४ नं. वडाध्यक्ष)

सदस्य : श्री दिपा लामा ( कार्यपालिका सदस्य )

सदस्य सचिव : श्री बम बहादुर नेपाली ( प्रमुख प्रशासकिय अधिकृत )

निर्णय नं. १२ : २०७५ श्रावण महिनामा अविरल वर्षाका कारण गएको पहिरोले क्षति पुर्‍याएको वडा नं. १ स्थित लामा गाउँ देखि धिंगा जाने वाटो मर्मतको लागि मर्मत सम्भार कोषबाट खर्च हुने गरी रकम रु २,००,०००। (दुई लाख) विनियोजन गर्ने ।

निर्णय नं. १३ : २०७५ श्रावण महिनामा अविरल वर्षाका कारण गएको पहिरोले यस नाम्खा गाउँपालिका वडा नं. १ स्थित गाडपारी गाउँमा पहिरोको कारण क्षति भएका तपशिलका ४ घरपरिवारलाई राहत स्वरुप प्रति घरपरिवार रु ३०,०००।(तिस हजार) का दरले जम्मा रु १,२०,०००। (एक लाख वीस हजार) राहत कोषबाट प्रदान गर्ने ।

१.नावाङ जिग्मेद लामा

२.देचेन लामा

३. ठिलाई लामा

४.कुनाङ लामा

निर्णय नं. १४ : आर्थिक अवस्था अत्यन्तै कमजोर भई रोगको उपचार गर्न नसक्ने तपशिलका बिरामीबाट सहयोग गरीदिनका लागि निवेदनहरु गाउँपालिकामा पेश भएकाले उक्त निवेदन माथि छलफल गर्दा वडाको सिफारिसका आधारमा औषधी उपचारमा सहयोगका लागि जनही रकम रु ३०,०००। (तीस हजार) का दरले आपतकालिन कोषबाट तपसिलका व्यक्तिहरुलाई सहायता प्रदान गर्ने ।

१. गुरु लामा : नाम्खा गा.पा. वडा नं.१

२. कुंगा लामा : नाम्खा गा.पा. वडा नं.१

३. पाल्मु लामा : नाम्खा गा.पा. वडा नं.५

४. छिरिङ तुरुप लामा : नाम्खा गा.पा. वडा नं.१

५. छोईडोन तामाङ : नाम्खा गा.पा. वडा नं. ४

निर्णय नं. १५ : धारापोरी प्रहरी चौकिबाट एक थान टि.भि. र एक थान डिस् होम सेट सहयोग माग भई आएकोमा गाउँपालिकाको कार्यालयबाट खरिद गरी उपलब्ध गराउने ।

निर्णय नं. १६ : योङ स्टार क्लब हुम्लाले आयोजना गरेको  जिल्ला व्यापी भलिवल प्रतियोगीतामा यस गाउँपालिकाबाट बढीमा एउटा टिमको सहभागिताका लागि टिम दर्ता शुल्क समेत गरि रु १,२१,०००। ( एक लाख एक्काईस हजार) रकम उपलब्ध गराउने । साथै उक्त खेल सञ्चालनका लागि आयोजक योङ स्टार क्लब हुम्लालाई रु ५०,०००।( पचास हजार रुपैयाँ मात्र ) सहयोग गर्ने ।

निर्णय नं. १७ : यस कर्णाली प्रदेशको कला संस्कृति प्रवर्द्धनमा क्रियाशिल भेरी कलाकार समाजलाई रु ५०,०००।(रुपैयाँ पचास हजार मात्र) सहयोग गर्ने ।

निर्णय नं. १८:  विगत बर्ष देखि लिमीको सुनखानीमा रहेको प्रहरी चौकीलाई शान्ति सुरक्षाको आवश्यकता र सीमा सुरक्षालाई मध्यनजर गर्दै लिमीको टाक्चीमा स्थानन्तरण गर्न उपयुक्त देखिएकोले सो ठाउँमा स्थानन्तरण गर्नका लागि  सिफारिस गरी पठाउने ।

निर्णय नं. १९ : यस गाउँपालिकाको वडा नं. ५ यारीमा यारी विमानस्थल निर्माणका लागि सम्बन्धित निकायहरुमा सिफारिस गरि पठाउने ।

निर्णय नं. २० : यस गाउँपालिकाको ३ नं. वडा कार्यालयको भवन जिर्ण भई कार्य सञ्चालनमा बाधा आएकोले कार्यालय भवनको मर्मत गर्नका लागि गाउँपालिकाको मर्मत संभार कोषबाट रु ३,४५,०००।- (अक्षररुपी तिन लाख पैचालिस हजार ।) वजेट विनियोजन गर्ने ।

निर्णय नं. २१ : यस गाउँपालिकाको स्थानिय राजपत्र छाप्नका लागि तत्काल हुम्ला जिल्लामा असम्भव भएकोले पायक पर्ने नजिकको स्थानबाट छाप्ने ।

निर्णय नं.२२ :  महाबौद्ध मा.वि. याल्वाङमा सञ्चालन भईरहेको कक्षा ११ का लागि आवश्यक तपशिल बमोजिमको विषय शिक्षक नियुक्ति प्रक्रिया अघि बढाउनका लागि अनुमति दिने ।

नेपाली १ ( एक) जना

अंग्रेजी १ (एक) जना

निर्णय नं. २३ :  यस गाउँपालिकाको स्थानिय राजपत्र छाप्नका लागि तत्काल हुम्ला जिल्लामा असम्भव भएकोले पायक पर्ने नजिकको स्थानबाट छाप्ने ।

निर्णय नं. २४ : यस गाउँपालिकाको गाउँसभा र  कम्तिमा १ दिनको कार्यपालिका बैठक बस्नु परेमा ४ छाक खाना र खाजा समेतको गरि प्रति सदस्य एकमुष्ठ रु १,०००। ( रुपैयाँ एक हजार मात्र ) निर्वाह खर्च दिने ।

निर्णय नं. २५ : यस गाउँपालिकाको विभिन्न वडाका विभिन्न वस्तीमा गाउँघर क्लिनिक संचालन गर्दा खटिने कर्मचारीलाई प्रतिदिन रु १,०००। ( रुपैयाँ एक हजार मात्र ) भत्ताको व्यवस्था गर्ने ।

निर्णय नं. २६ : यस गाउँपालिका अन्तर्गत वडा नं. २ केर्मीमा मिति २०७५।०८।०४ गतेका दिन राति १० वजे तिर आगलागी भई घर लगायत सम्पर्ण पशुवस्तु र घर गहना जलेर नष्ट भएकोले श्री तन्जिन पाल्जोर तामाङलाई राहत स्वरुप यस गाउँपालिकाबाट रु १,०५,०००।- (अक्षररुपी एक लाख पाचँ हजार रुपिया मात्र ) उपलब्ध गराउने ।